लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित


जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

**"होटल जोमसोम प्राइड"**
मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।



जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६

वर्ष ७, अंक ११ २०८२ असोज १० गते शुक्रबार (Friday 26 September 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# एकैदिन गाडी चडे १२ सय च्याङ्ग्रा

अमृत बास्कुने





हिमाली जडीबुटी खाएर हुर्केको च्याङ्ग्राको मासु खाने रहर दशैंमा आम नेपालीको हुन्छ नै । मासुका पारखीहरूका लागि नेपालीहरूको महान चाड दशैं च्याङ्ग्राको मासु र झोल खानका लागि नै पर्खेको हो कि जस्तो नै हुन्छ । टाढा रहेका आफन्त आउने र उनीहरूको आगमनलाई अझ रमाइलो वनाउनका लागि घरमा लगेर च्याङ्ग्रा काट्ने रहर पनि त हो । दशैंमा नेपाली बजारमा आउने मध्ये झण्डै आधाआधा बजार नेपाली र चिनिया च्याङ्ग्राले लिने ब्यापारीहरूको भनाई छ ।

मुस्ताङका घरपझोङ गाउँपालिकाका युवा निरज थकालीले चार दिन लगाएर जोमसोम देखि च्याङ्ग्रा लिएर म्याग्दीको रघुगंगा गाउँपालिकाको बैसरी क्षेत्रमा आउनु भएको थियो । उहाँले ल्याएका दुई सय गोटा च्याङ्ग्रालाई त्यही बैसरीबाट कन्टेनरमा चडाएर उहाँ बिक्रीका लागि पोखरा तर्फ लाग्नु भयो । एक दिनमा १२ वटा कन्टेनरमा च्याङ्ग्रा लोड गरेर काठमाडौं, पोखरा र त्रिसुली सम्म पठाइएको थकालीको भनाई छ । बैसरी सम्म हिडाएर ल्याएको खशीलाई गाडीमा चडाएर पोखरा तथा काठमाडौं पठाए पछि त्यही बिक्री हुने गरेको छ ।



हरेक वर्ष सिन्धुपाल्चोक देखि जोमसोम सम्म पुगेर च्याङ्ग्रा लिएर काठमाडौंमा पुऱ्याएर बिक्री गर्ने गर्नुहुन्छ दिपक शिलवालले । उहाँ सँगै चार जनाको सर्मेहले च्याङ्ग्रा खरिद गरेर काठमाडौं सम्म लैजाने गरेको उहाँको भनाई छ । यस वर्ष उक्त सर्मेहले तीन सय च्याङ्ग्रा काठमाडौं लैजाने शिलवाल बताउनुहुन्छ । तीन सय मध्ये आधा जती प्रतिगोटा ३५ हजार देखि ४० हजारका दरले जोमसोममा खरिद गरेको र बाँकी काठमाडौंमै पुगेर प्रतिकेजी जिउँदो एक हजारमा खरिद गर्ने शिलवालको योजना छ । हजारमा खरिद गरेर अवस्था हेरेर १२ सय सम्ममा काठमाडौंमा विक्री गर्ने योजना बनाउनु भएका शिलवालले तीन सय च्याङ्ग्रा कन्टेनरमा लोड गरेर मंगलबार काठमाडौ तर्फ लाग्नु भयो ।

जोमसोमका युवा निरजले पनि दुई सय च्याङ्ग्रा कन्टेनरमा लोड गरेर पोखरा तर्फ लाग्नु भयो । उहाँ भन्नुहुन्छ-'चीन तथा डोल्पा, मुस्ताङका गरी १५ हजार हाराहारी च्याङ्ग्रा बाहिरीएका छन् ।' उच्च हिमाली क्षेत्रमा हुर्केबढेका च्याङ्ग्रालाई तल्लो क्षेत्रमा एक्कासी ल्याउँदा गर्मीले समस्या हुन सक्ने भएकाले चार देखि पाँच दिन लगाएर मुस्ताङ् देखि बैसरी सम्म ल्याउने गरिन्छ । त्यस पछि काठमाडौ तथा पोखरा लगेर बिक्री गर्ने उहाँको भनाई छ । च्याङ्ग्राको लागि पहिला पोखराको बजार मुख्य भए पनि पछिल्लो समय यातायातको सहजताले गर्दा काठमाडौं पनि पोखरा जस्तै बजारको रूपमा विकास भएको थकाली बताउनु हुन्छ ।

गतवर्ष जस्तै यस वर्ष पनि खासै खशीको मुल्य फरक नभएको थकालीले बताउनु भयो । उहाँका अनुसार यस वर्ष बजारमा ४२-४८ हजारमा बिक्री हुने अड्कल काटीएको छ । मुस्ताङ हुँदै भित्रने खशीहरू हेर्दा कर्णाली प्रदेशका जुम्ला, मुगु, डोल्पा तथा उल्लेख्य मात्रामा चिनिया खशी पनि नेपाली बजारमा भित्रिएको छ ।

यस वर्ष रसुवा र तातोपानीबाट चिनिया खशी कम आएको हुँदा मुस्ताङ रूटबाट यस वर्ष बढी प्रयोग भएको छ । नेपाली बजारमा आउने खशीहरू मध्ये झण्डै ७० प्रतिशत चिनिया भित्रिएको हुन सक्ने थकालीको भनाई छ । आफन्तहरू सँगै खशी ब्यपारका लागि आउनु भएका सिन्धुपाल्चोकका दशरथ शिलवालले पनि खशी(च्याङ्ग्रा) कन्टेनरमा लोड गरेर काठमाडौं लैजादै हुनुहुन्छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८

**होटल हिलभ्यू, थकाली भान्साघर**

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

**नेशनल ड्रग सेन्टर**
**पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा**
अस्पताल चोक, बेनीमा

**प्रत्येक महिनाको दोस्रो शनिबार**

**डा. सरोज चन्द्र दाहाल**
हाडजोर्नी नशा तथा बाथरोग विशेषज्ञ



हाडजोर्नी नसारोग तथा हात खुट्टा दुख्ने झम्झमाउने, ढाड, कम्मर दुख्ने, बाथ, युरिक एसिड, हड्डी भाँचिएका, प्लास्टर तथा अपरेशन गरेका तथा अपरेशन गर्नुपर्ने सम्पूर्ण बिरामीहरुले समयमानै उपचारका लागि अनुरोध गर्दछौं ।

**डा. गोविन्द राज पाण्डे**
जनरल फिजिसियन



गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।

**डा. दिपक बगाले**
वरिष्ठ रेडियोलोजिष्ठ



म्याग्दी जिल्लामै अत्याधुनिक रंगीन भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरु: कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली, प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्यूमर पलाउने क्यान्सर जस्ता रोगपत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रूणको अवस्था, उमेर, जुम्ल्याह छुट्याउने, भ्रूणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan सोही दिन हुन्छ साथै थाइराइड, स्तन, अन्डकोष, माशंपेशी र रक्तनलीको भिडियो एक्सरेद्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

९८५७६२४३५३-शम्भुराज पाण्डे,
९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

२०८२ असोज ११ शनिबार

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय


# दशैं चाड संगै उत्सव

नेपाली समाजमा सबै भन्दा महत्वपूर्ण पर्व मध्येको एक हो दशैं पर्व । दशैं (विजयादशमी) नेपाली हिन्दू समुदायको सबैभन्दा ठूलो तथा लामो र महत्वपूर्ण चाडको रुपमा पनि लिन सकिन्छ । दशैं पर्व आश्विन शुक्ल प्रतिपदादेखि शुभारम्भ भएर कोजाग्रत पूर्णिमासम्म १५ दिनसम्म मनाइन्छ । पारिवारिक मेलमिलाप, देवी दुर्गाको आराधना, टीका-जमरा, प्रसाद, आशिर्वाद र सांस्कृतिक परम्पराले भरिएको यो चाड नेपालभर र प्रवासमा रहेका नेपालीले समेत अत्यन्त श्रद्धा, भक्ति र हर्षोल्लासका साथ मनाउँछन् । १५ दिन सम्म पर्वको अवधि भनिएता पनि मुख्य भनेको विजया दशमी नै हो । घटस्थापना देखि शुरु भएको पर्वको बिधिलाई मुख्य दिन अर्थात् दशौं दिनमा टिका, जमरा लगाउने तथा मान्यजनको आशिर्वाद लिने दिनको रुपमा लिइन्छ ।

दशैं पर्व भनेर लिइने शुक्ल पक्षको १५ दिनको अवधिमा के के गरिन्छ भन्ने पनि प्रशंग आउन सक्छ । त्यस अवधिमा विभिन्न विधीहरु अपनाएर पुजाअर्चना गरेर मनाउने गरिन्छ । पहिलो दिन घटस्थापना गरेर देवी दुर्गाको आव्हान गरिन्छ साथै जमरा राखिन्छ। सातौं दिनलाई फूलपाती भनिन्छ र त्यस दिन गोरखाबाट फूलपाती ल्याएर काठमाडौंको दशैं पूजा घरमा भित्र्याईन्छ भने अन्यले पनि हरेकको पुजा घरमा यही बिधि अपनाउने गरिन्छ । आठौं दिन अर्थात् अष्टमीको दिनमा देवी दुर्गा भवानीको शक्तिको आराधना गरिन्छ । देवी दुर्गालाई विभिन्न प्रकारका पशुपंक्षिको बलि दिने पनि गरिन्छ । नवौं दिनमा महिषासुरमर्दिनी स्वरूपको पूजा गरिन्छ। शास्त्र पूजा गरिन्छ। भने मुख्य दिन अर्थात् दशौं दिनमा विजया दशमीको दिनमा सिन्दूर टीका, जमरा र आशिर्वादको दिनको रुपमा लिइन्छ । पितृ, गुरु, ज्येष्ठ सदस्य र आफन्तबाट टीका थापिन्छ । त्यस्तै अन्तिम अर्थात् १५ औं दिनलाई कोजाग्रत पूर्णिमा भन्छि भने त्यस दिन लक्ष्मीको पूजा गरी रातभर जागरण गरिन्छ।

दशैंलाई शक्तिको पुजा गर्ने पर्वको रुपमा पनि लिने गरिन्छ । दशैंमा नवदुर्गाका नौ रूपहरूको पूजा गरी अधर्म, पाप, अज्ञान, अहंकार, र दानवी शक्तिमाथि धर्म, सत्य, ज्ञान, र सद्गुणको विजयको प्रतीकस्वरूप मनाइन्छ। देवी दुर्गाले महिषासुर नामक दानवलाई नव दिनसम्म युद्ध गरी दशौं दिन संहार गर्नुभएको थियो भन्ने धार्मिक मान्यता पनि रहेको छ । त्यस्तै श्रीरामले रावणलाई मार्न अगाडि दुर्गा सप्तशती पाठ गर्दै देवी दुर्गाको आराधना गरेको पनि मान्यता छ । नवमीमा देवीको कृपा प्राप्त गरी दशमीमा रावणलाई पराजित गरेको हुनाले यो दिनलाई विजयादशमी भनिन्छ । यो पर्वलाई शक्ति प्राप्तिको पर्वका रुपमा पनि लिइने भएकोले नवदुर्गा पूजा, अस्त्र-शस्त्र पूजा र शक्ति प्राप्तिको प्रतीक पर्व हो दशैं। यो कालमा मानिसले नकारात्मक शक्तिलाई हटाई सकारात्मक ऊर्जा ग्रहण गर्छन्। यस चाडको समयमा नयाँ लुगा किन्ने, घर-आँगन सफा गर्ने, टिका लगाउने, आफन्तहरुसंग भेटघाट गर्ने र परिवारभित्रको सम्बन्ध बलियो बनाउने प्रचलन रहेको छ। टाढा टाढा भएका आफन्तहरु पनि यही पर्वको समय पारेर घर फर्कने भएको हुँदा यसलाई मिलनको पर्वका रुपमा पनि लिन सकिन्छ । समग्रमा भन्नु पर्दा दशैं धर्मको विजय, अधर्मको नाश । सत्यको सदा विजय हुन्छ तथा परिवार र समाजमा एकता, माया, सद्भाव र शक्ति जागृत गराउनेको रुपमा लिन सकिन्छ ।

# दशैं पर्व




प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिनदेखि कोजाग्रत पूर्णिमासम्म नेपालमा बडा दशैं राष्ट्रिय पर्वको रुपमा मनाउँदै रमाउने चलन छ । नेपालमा मनाउने विभिन्न चाडहरुमा प्रमुख राष्ट्रिय चाड भएर दशैंलाई बडा दशैं भनिएको हो । मानव मात्रको लोक परलोकमा कल्याणकारी र मङ्गलदायी विजय मुहर्त बडा दशैंमा मात्र पर्दछ । बडा दशैंको शुभ मुहर्तमा माता दुर्गा भवानीको पंजासँगै गरेका सर्म्पूर्ण कार्यले सफलता प्राप्त गर्दछ भन्ने शास्त्रीय मान्यता रहेको छ । यसै शुभ मुहुर्तमा रामले युद्धको विजयात्रा गरेर विजयी शक्ति माताको पंजा गरेबापबाट उनी मर्यादापुरूषोत्तम भएका हुन् । जसले दशैंमा मातृशक्तिको उपासना गर्दछ त्यो मानव मानव बन्न सक्दछ र पुरूष पुरूषोत्तम बन्न सक्दछ । ज्योतिषशास्त्र अनुसार दशैंका तिथिहरु दुःखनाशक यशदाई र लाभदायी मानिन्छन् । तिनै लोकमा अमनचैन कायम गर्न मातृशक्तिरूपी विजयादशमी अर्थात् बडा दशैंको महत्व अति नै रहेको छ ।

सृष्टिको सुरूदेखि नै असल र खराब शक्तिहरुबीच संघर्ष चल्दै आइरहेको छ । यसरी सृष्टिको सुरूवातदेखि नै चलेको संघर्षमा शान्ति प्रेमी सद्गुणीहरुले आतंककारी र दुर्गुणहरुलाई हराउने अभिलाषाले आदिशक्ति जगतमाता विजयालाई पंजा उपासना गर्दै आइरहेका छन् । मातृशक्तिको प्रभावले गर्दा नै रावणको अन्त्य भएको हो रामको होइन । कृष्णले कंसलाई हराएका छन् । यस्तो मातृशक्तिको पर्वको रूपमा दशैंलाई मानिँदै आएको छ । सत्यको बाटोमा हिँड्ने हरेक मानवको भलो भएको छ भने असत्य मार्गी हिरण्य कसिपुको अन्त्य भएको छ । दशैं पर्वमा दुर्गा सप्तशतीको पाठ गर्नाले सारा दुःख जति नष्ट भएर शान्ति र कल्याणको बाटो प्राप्त गर्न सकिन्छ भन्ने शास्त्रीय मान्यता छ । दशैंका १५ दिनसम्म माता दुर्गा भवानीका विभिन्न पिठहरुमा दुर्गा सप्तशतीको पाठ गर्ने परम्परा हिन्दु धर्ममा लामो समयदेखि जोडिएको छ । र दुर्गा सप्तशतीमा भनिएको छ जुन जुन बेला आतंककारी शक्ति बढेर जान्छ र शान्ति सुरक्षामा बाधा पुऱ्याउँदछ । त्यस त्यस बेलामा शक्तिका रूपमा आएर ती दुष्टलाई नाश गरी सज्जनको रक्षा गर्न माता दुर्गाले विभिन्न रूप लिएर प्रकट हुनुहुनेछः आजको नेपालको राजनीतिमा यसको प्रत्यक्ष रूपमा प्रभाव परेको देख्न सकिन्छ वेद र पुराणमा मात्र होइन बाइबल र कुरानमा समेत मातृशक्तिलाई सम्मान दिइएको छ ।

ऋग्वेदमा अदिति अथर्वेदमा पृथ्वी आदि नाम भएकी मातृशक्तिलाई उत्तरवैदिककालिन ग्रन्थहरुमा अम्बिका, उमा, दुर्गा, काली आदि नामले माता दुर्गा भवानीलाई पुकारिएको छ । महालक्ष्मी महासरस्वती र महाकाली यी शक्तिका तीनवटा प्रधान स्वरुपहरु हुन् । शक्तिबिना हामी केही पनि गर्न सक्दैनौं । यदि शक्ति छैन भने हाम्रो शरीर लास समान हुन्छ । स्कन्दपुराणमा मातृशक्तिविना शिवलाई पनि 'शव' मानिएको छ । यसको तात्पर्य हुन्छ कि दुर्गा भवानीको शक्ति यहलोक र परलोकमा उत्तिकै शक्तिशाली छ । लोक व्यवहारमा पनि शक्तिको इकार ' ि ' लाई शिव शब्दमा नजोड्दा 'शव' हुन आउँछ । यसरी शक्तिबिना देवादिदेव शिवसमेत निष्क्रिय अथवा शक्तिहीन प्राणीको रूपमा रहनुहुन्छ भन्ने मान्यता रहेको हुन्छ । दुर्गा शब्द आफैमा मातृशक्तिको रुप हो । दुर्गाशक्तिका नौ रुपहरु छन् । जसलाई नवदुर्गा भनिन्छ र यिनै नौवटा स्वरुपको पंजा गरिने नौ दिनहरुलाई नवरात्र भनिन्छ । जसले नवरात्रोउत्सव विधिर्पर्वक र पंर्ण विश्वासका साथ मनाउँदछ उसलाई अश्वमेद यज्ञ गरेभन्दा बढी फल प्राप्ति हुन्छ ।

बडा दशैंको यस पावन अवसरमा नवदुर्गाका नौवटा स्वरुपहरुलाई स्मरण गर्नाले मात्र अथाह मातृशक्ति प्राप्त हुने मान्यता लिएको हुन्छ । ९ स्वरुपहरु क्रमश शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुस्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री रहेका छन् । आश्विन शुक्ल प्रतिपदादेखि घरघरका पंजा कोठामा विभिन्न शक्ति पीठहरुमा जमरा राखी पाठ गरी माता दुर्गा भवानीको पंजा गरिन्छ । काठमाडौंमा भद्रकाली, गुहेश्वरी ,दक्षिणकाली, नक्साल भगवती, बज्रयोगिनी, मैतीदेवी, शोभाभगवती आदि शक्ति पिठहरुमा दर्शनार्थीहरुको बढी भिड हुन्छ । काठमाडौं बाहिर पनि पलाञ्चोक भगवती मनकामना, भैरवी बागेश्वरी, विन्ध्यावासिनी, गोरखकाली, बडीमालिका, बाग्लुङ कालिका आदि जस्ता हजारौं शक्ति पीठहरुमा मातृशक्तिको पंजा गरिन्छ । दशैं मनाउनका लागि विभिन्न सरकारी कार्यालयहरु, शिक्षण संस्थाहरु लगायत सार्वजनिक कार्यालयहरुमा लामो समयका लागि बिदा दिने र कर्मचारीका लागि दशैं खर्चको नाममा एक महिनाको तलब बोनस स्वरुप दिने चलनले पनि प्रमाणित हुन्छ कि दशैं साँच्चिकै बडा दशैं हो । सामान्य केटाकेटीदेखि बृद्धबृद्धासम्मलाई दशैंको रौनक अति नै लाग्ने गर्दछ । स्वदेशमा मात्र होइन विदेशमा भएका सर्म्पूर्ण जनहरु पनि दशैं मनाउनका लागि बडो हर्ष उल्लासका साथ आआफ्नो घरमा आउने गर्दछन् ।

दशैं पर्वले संसारका विभिन्न स्थानहरुमा छरिएर रहेका मानव जातिमा दाजुभाइ र दिदीबहिनीको भावना जोडेर सामाजिकीकरणमा नि सहयोग पुऱ्याएको महत्वर्पूण पर्वको रूपमा लिइन्छ । दशैं पर्वले गाउँ समाजलाई सरसफाई गर्न र भौतिक संरचनाहरूलाई जीर्ण हुनबाट सजाएर संरक्षण गर्ने कार्यमा पनि हत्वर्पूण योगदान पुऱ्याएको छ । अन्तत देवासुरसंग्राममा पराजित हुन पुगेका देवताहरुबाट पुकारिएकी अथवा पुजिएकी मातृशक्ति महाकाली, महासरस्वती र महालक्ष्मीले महिषासुरलगायत सुम्भ, निसुम्भ, चण्ड, मुण्ड आदि हजारौं आतंककारी र दुराचारी शक्तिलाई सखाप पारेपछि तिनै लोकमा अमनचयन कायम भई मातृशक्तिरुपी विजया दशमी अर्थात् बडा दशैंको महत्व स्थापित हुन गएको हो । जसको हर्ष उल्लास स्वरुप आजका दिनहरूमा दशैं पर्व मनाउने गरिन्छ । त्यसकारण दशैंलाई असत्यमाथि सत्यको जित भएको पर्व उत्सवको रुपमा मानिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.प्रदिप कुमार श्रेष्ठ**

**संगम न्यू फेन्सी स्टोर्स तथा पिके ईम्पेक्स**

हुलाकचोक, बेनी, म्याग्दी

सम्पूर्ण प्रकारका फेन्सी सामग्रीहरुको लागि हामीलाई सम्झनुहोस् ।



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.लिला थापा**

**लिला स्टोर्स**

बेनी, म्याग्दी

डिपार्टमेण्टका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.कुशल पौडेल**

**ज्योती एग्रो सप्लायर्स**

बैंकरोड, बेनी, म्याग्दी

कृषि सँग सम्बन्धित सम्पूर्ण सामाग्री एवम् प्राविधिक सहयोगका लागि हामीलाई सम्झनुहोस ।।



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.राजु बानियाँ**

**S.R. कलेक्सन**

रेडक्रस मार्ग बीरेन्द्रचोक, बेनी, म्याग्दी

ूर्ण प्रकारका फेन्सी सामग्रीहरुको लागि हामीलाई सम्झन्



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.दिपेन्द्र श्रेष्ठ**

**एल.के. ट्रेडर्स**

हुलाकचोक, बेनी, म्याग्दी

डिपार्टमेण्टका सामाग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.महेन्द्र श्रेष्ठ**

**न्यू श्रेष्ठ किराना स्टोर्स**

बीरेन्द्रचोक, बेनी, म्याग्दी

हामीकहाँ किराना सामाग्रीहरु सुपथ मुल्यमा पाइन्छ



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निलगिरी डेण्टल केयर**

बेनी नगरपालिका-७, हुलाकचोक, म्याग्दी

हप्ताको सातै दिन दक्ष डाक्टरहरुबाट दाँत सम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

डिएच टिकाराम गुरुङ, डा. सुवी गुरुङ,
डा. आयुश श्रेष्ठ, डा. सोनु पौडेल
डा. श्रीती केसी,



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र**

बेनी नगरपालिका-७, बालमन्दीरचोक, म्याग्दी

हामीकहाँ :-
मिनिटिलर, राईस मिल, थेन्स मेसिन, च्याप कटर इण्डियन टनेल, नेपाली टनेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**न्यू सिंगापुर इन्टरप्राइजेज**

**लुङ्गी हाउस एण्ड ट्रेकिङ सप**

बेनी नगरपालिका-७, हुलाकचोक, म्याग्दी

हामीकहाँ सम्पूर्ण प्रकारका ट्रेकिङ तथा फेन्सी सामाग्रीहरु पाइन्छ,



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. भिमनाथ शर्मा

**भिम एण्ड ब्रदर्श**

बेनी नगरपालिका-८, न्यू रोड बेनी, म्याग्दी

हामीकहाँ सम्पूर्ण प्रकारका किराना सामाग्रीहरु थोक तथा खुद्रा पाइन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.सुकलाल किसान**

### बेदना शु-सेन्टर

**क्याम्पसचोक, बेनी, म्याग्दी**

यहाँ स्कुल, क्याम्पस, अफिसियल, पार्टी सुज जुत्ताहरु पाउनुका साथै अर्डर बमोजिम विभिन्न डिजाइनका जुत्ता, चप्पलहरु तयारगारिन्छ । नोट : लेदर ज्याकेटमा स्प्रे गर्नुका साथै पुराना जुत्ता चप्पलहरु मर्मत पनि गारिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.कुलबहादुर बोहोरा**

### के.बी. जुत्ता पसल

**बैंकरोड, बेनी, म्याग्दी**

हामीकहाँ विभिन्न प्रकारका पाटीस'ज, अफिसियल स'ज, स्क'ल/क्याम्पस ड्रेसको ज'ताहरु, लेडिज जेन्स चप्पलहरु पाइन'का साथै ज'त्ता चप्पल मर्मत पनि गारिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.ज्ञानेन्द्रकुमार/रविन्द्रकुमार श्रेष्ठ**

### जयन्द्र एण्ड ब्रदर्श (हार्डवयर पसल)

**बैंक रोड बेनी बजार, म्याग्दी**

छड सिमेन्ट लगायत निर्माण सम्बन्धी सामग्रीकालागि सम्झनुहोस ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.शेरबहादुर केसी**

### शेरु स्टोर्स

**हुलाकचोक, बेनी, म्याग्दी**

सम्पूर्ण प्रकारका किराना सामग्रीका लागि हामीलाई सम्झनुहोस ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.मिना राम्जाली**

### धौलागिरी कोसेली घर

**बेनी नगरपालिका-७, बैंकरोड, भीमसेन चोक, बेनी**

हामी कहाँ स्थानीय आर्गानिक उत्पादनका खाद्यवस्तुहरु टिमुर, सिस्नोको धुलो, हलहले, ढकायो, चामल, गहुँ, कोदो, घ्यु, धजरा, लगायत विषदी रहित खाद्यान्न सामग्रीहरु होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गारिन्छ ।

## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार,
नेपाल सम्वत, छठको अवसरमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो.बिनयकुमार श्रेष्ठ**

### क्रिस्टल सप्लायर्स

**बैंक रोड, भीमसेनचोक**


# कृषि ज्ञान केन्द्र म्याग्दीको अनुरोध

चाडपर्वलाई विकृतिको रुपमा होइन, संस्कृतिको रुपमा मनाऔं ।

- व्यवसायीक कृषिमालगानी गरौं, आत्मनिर्भर बनौं ।
- कृषियोग्य जमीन खाली नराखौं, उत्पादन र उत्पादकत्वमा बद्धि गरौं,
- परम्परागत कृषि प्रणालिमा स'धार गरी आध'निक कृषि प्रणालिको अवलम्बन गरौं ।
- रासायनिक विषदीको प्रयोग नगरौं ।

**सञ्जिब बाँस्तोला**

**कार्यालय प्रमुख**

# कृषि ज्ञान केन्द्र म्याग्दी

सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
थासाङ गाउँपालिका
कोबाङ, मुस्ताङ

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत, छठको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. पूर्ण गौचन
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक बेनी, म्याग्दी
पारिवारिक वातावरणमा आरामदायी वास तथा कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खानाका लागि सँदैव हामीलाई सम्झनुहोस ।

फोहोरमैला व्यवस्थापनसम्बन्धी अत्यन्तै जरुरी सूचना !
कुहिने र नकुहिने फोहोरलाई घरबाटै छुट्याएर सुरक्षित रुपमा विसर्जन गर्ने बानी बसालौं । प्लाष्टिक र सीसाजन्य वस्तुको प्रयोग घटाऔं, वातावरण सफा र स्वस्थ राखौं ।
जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत पर्वत

सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं, सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ

# साप्ताहिक राशीफल




## मिति :- २०८२/०६/१० देखि १७ सम्म

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
पढाइका माध्यमबाट दिगो सम्बन्ध स्थापित गर्ने समय छ। शुभचिन्तकका माध्यमबाट नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। सोमवारदेखि अनायास खर्च बढ्ने, वादविवादमा परिने स्वास्थ्यबाधा र काममा अवरोध जस्ता समस्या आउन सक्छन्। काम बिग्रने डरले सताए पनि पछिल्ला दिनमा फाइदा उठाउन सकिनेछ। आफ्ना कमजोरीलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ। अध्ययनमा राम्रो नतिजा हातलागी हुनेछ। शुभचिन्तकहरुले साथ दिनेछन्। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला।

**वृष** - Taurus (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
सुरुमा घरेलु समस्याले अल्झाउन सक्छ। आफ्ना कमजोरी बाहिरिनाले अवसरवादीहरुले मौकाको फाइदा उठाउन सक्छन्, सजग रहनुहोला। सोमवारदेखि स्थिति अनुकूल बन्नेछ र विभिन्न अवसर पनि प्राप्त हुनेछन्। लगनशीलताले पढाइको स्तरमा सुधार ल्याउनेछ। विदेश ताक्नेहरुलाई सम्भावनाको ढोका खुल्नेछ। आँटले काम सम्पादन हुनेछ। प्रतिस्पर्धीहरुले हार खानेछन्। सप्ताहान्तमा मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। रमाइलो यात्राका बीच मानसम्मान प्राप्त हुनेछ।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
सुरुमा साथीभाइ र प्रशंसकहरु आलोचकको प्रभावमा पर्नाले विरोधमा उत्रन सक्छन्। शंकाले सम्बन्धमा फाटो ल्याउन सक्छ, सजग रहनुहोला। तर आँट गर्दा जटिल काम समेत सम्पादन गर्न सकिनेछ। पहिले विरोध गर्नेहरुले पनि काममा सहयोग जुटाउनेछन्। बुधवारदेखि नयाँ अवसर प्राप्त हुनेछन्। अध्ययन र लेखनमा प्रगति हुनेछ। मिहिनेत गर्दा नाम र दाम पनि हातलागी हुनेछ। प्रतिस्पर्धीहरु पछि हट्नेछन्। रोग र शत्रु कमजोर हुनेछन्। व्यापारमा मनग्य फाइदा हुनेछ।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
सुरुमा काम गरेर दाम र प्रतिष्ठा आर्जन गर्न सकिनेछ। ज्ञान र बोलीको प्रभावले प्रशंसकहरु बढ्नेछन्। सोमवार र मंगलवार भने काममा अवरोध सामना गर्नुपर्ला। आफ्नै सहयोगीहरु विरोधीका रुपमा देखापर्नेछन् र अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्, सजग रहनुहोला। बुधवारदेखि स्थिति साम्य हुनाले काम गर्ने वातावरण बन्नेछ। शुभचिन्तकहरुले काममा सहयोग जुटाउनेछन्। अध्ययनमा लगाव बढ्नाले राम्रै उपलब्धि हातपार्न सफल भइनेछ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
प्रारम्भमा रमाइलो भेटघाट हुनेछ। आफन्त र साथीभाइसँग बसेर स्वादिष्ट भोजनको आनन्द लिन सकिनेछ। सोमवार र मंगलवार काम रोकिने, विवाद बढ्ने र फजुल खर्च हुने सम्भावना छ। विरोध गर्नेहरुसँग वादविवादमा नफस्नुहोला। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। तर बलभन्दा बुद्धिको उपयोगले काममा छिटो सफलता प्राप्त हुनेछ। पहिले विरोध गर्नेहरुले नै काममा साथ-सहयोग जुटाउनेछन्। हिम्मत गर्दा आस मारेको काम बन्नेछ र गुमेको धन पुनः प्राप्त हुने सम्भावना छ।

**कन्या** - Virgo (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
खर्चिलो काम थाल्नाले साताको प्रारम्भमा अर्थअभावले सताउनेछ। सानो कामका लागि अधिक रकम खर्चनुपर्ने हुन सक्छ। दौडधुपमा अधिक समय बित्नेछ। पारिवारिक माहोल अनुकुल नहुनाले आफ्नो हक-भोगमाथि अरुले दाबी गर्नेछन्। प्रक्रिया नमिल्नाले सरकारी काम दोहोऱ्याउनुपर्ला। खानपानको सन्तुलन बिग्रँदा स्वास्थ्य कमजोर हुन सक्छ। बोलीको गलत अर्थ लाग्नाले विवादमा परिने सम्भावना छ, सजग रहनुहोला। अधिक समय संघर्ष गर्नुपरे पनि सप्ताहान्तमा काम बन्नेछ।

**तुला** - Libra (र, रि, रू, रे, रो, ता, ति, तु, ते)
प्रारम्भमा प्रशस्त आम्दानी हुने काम गर्न सकिनेछ। पेसा-व्यवसायमा मनग्य फाइदा पनि हुनेछ। तर अधिक लोभ गर्दा समस्या पर्न सक्छ। आफ्नो भोगाधिकारमाथि अरुले दाबी गर्ने सम्भावना छ। सोमवार र मंगलवार उठेको रकम बाहिरिन सक्छ। यात्रा, दौडधूप र किनमेलमा अधिक खर्च हुनेछ। खर्च लागे पनि विदेश ताक्नेहरुलाई यात्राको साइत जुर्न सक्छ। तर काम गर्न कठिनाइ हुने देखिन्छ। खानपानको अनियमितताले स्वास्थ्य कमजोर हुन सक्छ। वादविवादबाट भरसक टाढै रहनुहोला।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
प्रारम्भमा गलत निर्णयले काममा उल्झन निम्त्याउन सक्छ। सानो कमजोरीले ढिलासुस्ती हुने देखिन्छ। आफन्तसँग संयमतापूर्वक व्यवहार गर्नुहोला। सोमवारदेखि स्थिति अनुकूल बन्नाले लाभ हुनेछ। व्यापार बढ्नेछ र आयस्रोत सबल बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ। प्रयत्न गर्दा नयाँ काम थाल्न सकिनेछ। विदेश ताक्नेहरुलाई यात्राको प्रक्रिया अघि बढ्नेछ। केही खर्च लागे पनि सुरक्षित लगानीको अवसर प्राप्त हुनेछ। सप्ताहान्तमा भने चिताएको काम गर्न बाधा पर्ने देखिन्छ।

**धनु** - Sagittarius (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। सोमवार र मंगलवार भने पारिवारिक माहोल अशान्त बन्न सक्छ। काममा पनि उल्झन आउने देखिन्छ। वादविवादबाट टाढै रहनुहोला। र, अनुकूल समय प्रतीक्षा गर्नुहोला। बुधवारदेखि रोकिएका काम सम्पादन हुनेछन् र अड्किएको रकम पनि प्राप्त हुनेछ। व्यापार बढ्नाले मनग्य धनलाभ हुनेछ। सप्ताहान्तमा केही खर्च बढ्नेछ। लामो यात्रा र आर्थिक लगानी गर्ने अवसर जुट्नेछ।

**मकर** - Capricorn (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अरुको स्वार्थमा उपयोग भइएला। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। तापनि सोमवारदेखि स्थितिमा सुधार आउनेछ भने नयाँ अवसरले उत्साह जगाउनेछ। सुखदुःखमा साथ दिनेहरु प्रशस्तै फेला पर्नेछन्। रोकिएको काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। लगनशीलताले समस्या सुल्झाउन सकिनेछ। पहिलेका चुनौती पार लाग्नेछन्। सप्ताहान्तमा आम्दानी बढ्नेछ र आफ्नै रकमले सामाजिक काम गर्न सकिनेछ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
परिस्थिति रमाइलो देखिए पनि काममा नसोचेको उल्झन आउनाले समस्या पर्न सक्छ। ईर्ष्यालु मन भएकाहरुले दुःख दिनेछन्। मंगलवारसम्म शारीरिक वा मानसिक रुपमा केही कमजोर भइनेछ। अर्थअभावले चिताएको काम रोकिन सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। रोकिएका काम क्रमशः सम्पादन हुनेछन्। पेसा-व्यवसायमा राम्रै उपलब्धि प्राप्त हुनेछ। सप्ताहान्तमा कामको यश लिने सौभाग्य प्राप्त हुनेछ। शुभचिन्तकहरुले साथ दिनेछन् र भविष्यका लागि कर्मनिश्चय गर्न सकिनेछ।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
पहिलो दिन द्वन्द्व बढे पनि प्रतिस्पर्धीहरु पछि हट्नाले काममा उत्साह जाग्नेछ। शत्रु र रोगबाट मुक्ति मिल्नेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ। अध्ययनका सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। प्रियजनसँगको भेटघाटले हर्ष बढ्नेछ। व्यापार बढ्नाले आयस्रोत सबल हुनेछ। आतिथ्यपूर्ण सम्मान र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। बुधवारदेखि स्वास्थ्य कमजोर हुनाले काम रोकिन सक्छ। अप्ठ्यारो पर्दा एक्लो भइनेछ। तापनि सप्ताहान्तमा




# साताको तस्बीर

**फोटो क्याप्सन :-**

१) हिमालपारीको जिल्ला मुस्ताङ तथा चिनिया भुभागबाट म्याग्दी हुँदै पोखरा तथा काठमाडौं लैजानका लागि कन्टेनरमा लोड गरिदै च्याङ्ग्रा । यस वर्ष १५ हजार भन्दा धेरै च्याङ्ग्रा मुस्ताङ हुँदै बाहिरीएको छ ।


## डिभिजन वन कार्यालय म्याग्दीको अनुरोध

१. वन क्षेत्रको संरक्षण गरौं, वातावरण र विकास बीच सन्तुलन कायम गरौं ।
२. कृषि वनलाई प्रवर्द्धन गरौं, भूमिको उत्पादकत्व बृद्धि गरी आर्थिक, सामाजिक तथा पर्यावरणीय सन्तुलन कायम गरौं ।
३. वनमा आगलागि हुन नदिऔं ।
४. मानव वन्यजन्तु सहअस्तित्व कायम गरौं ।
५. सार्वजनिक वनको सक्रिय व्यवस्थापन गरौं, वन पैदावारमा आत्मनिर्भर बनौं ।
६. वन र वन्यजन्तुको अवैध संकलन तथा ओसारपोसार नियन्त्रण गरौं, वन अपराधजन्य गैर कानुनी कार्यहरुलाई निरुत्साहित गरौं ।

**विष्णुप्रसाद अधिकारी**
कार्यालय प्रमुख

डिभिजन वन कार्यालय, म्याग्दी



## हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत, छठको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. प्रविन कुमार श्रेष्ठ**
**सुबिधा स्टोर्स**
गणेशटोल बेनी, म्याग्दी
ज्ञान बास्मती, सोल्टी चामल, रोजा, टुना माछा, ट्वाइलेट पेपर, नेप्कीन पेपर, सस, जाम, चकलेट जाम, पिनट, पिनट वटर, चिज, आमुल वटर, स्नेकर, मार्स, वोन्टी चकलेट, दालमोठ आदीका साथै दैनिक उपभोग्य सामग्रीहरुको थोक तथा खुद्रा विक्रेता ।






## पशुमा नियमित खोप लगाऔं रोगको रोकथाम सँगै उत्पादन बढाऔं ।

## पशु खोप लगाउन किन जरुरी छ?

१. पशुमा महामारीजन्य रोगको नियन्त्रण गर्न प्रभावकारी एवं किफायती उपाय भएकोले ।
२. पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरि जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन ।
३. रोगको कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरि रोगको उपचार नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि ।
४. मानिसको जिविकोपार्जनका श्रोतको रुपमा रहेको पशु पालन व्यवसायलाई जोगाई आम्दानी बढाउनुका साथै खाद्य सुरक्षा कायम राख्नका लागि ।
५. रोगको जोखिमलाई न्यूनिकरण गरि कृषकको लगानी सुनिश्चित गर्नमा मद्दत गर्ने भएकोले ।
६. पशुमा रोगको प्रकोप कम गरि एन्टिबायोटिकको प्रयोग घटाउँछ । र प्रतिजैविक प्रतिरोध न्यूनिकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
म्याग्दी, बेनी



## मंगला मेसिनरी एण्ड कृषि सामग्री केन्द्र

बालमन्दिर चोक, बेनी बजार म्याग्दी
प्रो. केशव पौडेल, सम्पर्क नम्बरः-9857628723




हामीकहाँ :-
मिनिटेलर, राईस मिल, थ्रेस मेसिन, च्याप कटर इण्डियन टवेल, नेपाली टवेल, स्प्रे ट्याङ्क, थोपा सिंचाई मोटरहरु बिक्री गरिनुका साथै मर्मत पनि गरिन्छ ।



DG Print
Beni Bazar, Ganesh Toal



**फ्लेक्स प्रिन्ट**
डिजिटल ब्यानर, होडिङ्गबोर्ड, रिफ्लेटिकबोर्ड, लाइटबोर्ड, फ्लेक्स फोटो, स्टिकर प्रिन्ट

**स्क्रिन/अफसेट प्रिन्ट**
टि-सर्ट/जर्सी प्रिन्ट, प्लाष्टिक/फेवरिट ब्याग, विवाह/ब्रतवन्ध, शुभकामना, भिजिटिङ कार्ड प्रिन्ट

9857642152, 9847642152 (069-521241) dgprint.beni@gmail.com/bhim.dip@gmail.com


लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी